आज मिति २०८०/०८/११ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको १७औं बैठकमा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री ईश्वर नारायण मानन्धर................नगर प्रमुख

श्री कमला बस्नेत ........................नगर उपप्रमुख

श्री दीपक प्रसाद खतिवडा ..............प्रमुख प्रशासकीय अधिकृत

श्री माधव थामी ............................वडा अध्यक्ष भी.न.पा. १

श्री स्टालिन श्रेष्ठ ........................ ...वडा अध्यक्ष भी.न.पा. २

श्री हरिशरण शिवाकोटी ......... .....वडा अध्यक्ष भी.न.पा. ३

श्री तारानाथ चौलागाई .............. ... वडा अध्यक्ष भी.न.पा. ४

श्री बासु श्रेष्ठ ................ ...... .... वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा .................. वडा अध्यक्ष भी.न.पा. ६

श्री बिनोद तामाङ .. .............. ....... वडा अध्यक्ष भी.न.पा. ७

श्री काजी बुढाथोकी . ...................... वडा अध्यक्ष भी.न.पा. ८

श्री हिमाल श्रेष्ठ ............................ वडा अध्यक्ष भी.न.पा. ९

श्री गोपाल बहादुर थामी .................. कार्यपालिका सदस्य

श्री मुना श्रेष्ठ ................................. कार्यपालिका सदस्य

श्री गोरे बहादुर सार्की .........................कार्यपालिका सदस्य

श्री मिना विश्वकर्मा ............................कार्यपालिका सदस्य

श्री सुशिला थापा ........... ..................कार्यपालिका सदस्य

श्री खेम कुमारी श्रेष्ठ .............................कार्यपालिका सदस्य

श्री भीम बहादुर भुजेल ............. ...... कार्यपालिका सदस्य

श्री किरण वली.............................. कार्यपालिका सदस्य

श्री माधव प्रसाद सुवेदी .... बैठक व्यवस्थापक

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

नगर कार्यपालिकाको १७ औं बैठकका निर्णयहरु
मिति : २०८०/०८/११ गते

निर्णय नं. १ : यस नगरपालिकाको १६औं कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको समीक्षा गर्दै कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २ : यस नगरपालिका क्षेत्रभित्र सन्चालनमा रहेका देहाय बमोजिमका एफ.एम. रेडियोहरुलाई यस कार्यालयबाट जारी हुने विभिन्न सूचना, सन्देश तथा चेतनामूलक जानकारीहरु प्रसारण गर्न विगत वर्षहरुमा पनि रकम प्रदान गर्दै आएकोले यस आ.व.मा पनि बार्षिक एकमुष्ठ रकम प्रति रेडियो रु. १,००,०००/- (एक लाख) का दरले बजेट शि.नं. ४० को रेडियो साझेदारी कार्यक्रम शीर्षकमा विनियोजित रकमबाट प्रदान गर्ने र उक्त रकम दुई किस्तामा भुक्तानी हुने गरी सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै यस अघि उक्त पाँच वटा रेडियोहरुलाई पहिलो किस्ता वापत रु ५०,०००/- (पचास हजार) का दरले प्रदान गरिएकोमा सो को अनुमोदन गर्ने निर्णय समेत गरियो ।

क) कालिन्चोक सामुदायिक एफ.एम., १०६.४ मेगाहर्ज

ख) हाम्रो रेडियो, १०३. ४ मेगाहर्ज

ग) सैलुंग सामुदायिक एफ.एम. ९२.७ मेगाहर्ज

घ) रेडियो भीमेश्वर, ९०.८ मेगाहर्ज

ङ) रेडियो हिमाली, १०१.७ मेगाहर्ज

निर्णय नं. ३ : रेडियो भीमेश्वर ९०.८ मेगाहर्जले यस नगरपालिकाको दैनिक खाद्य वस्तु तथा तरकारीको मूल्यसूची संकलन गरी सो को नियमित रुपमा प्रसारण गरी रहेको र हालसम्म पनि उक्त कार्य निरन्तर भई रहेकोले उक्त एफ.एम. रेडियोलाई यस आ.व.को लागि मात्र कार्य गर्ने गरी बजेट शि.नं. ४० को रेडियो साझेदारी कार्यक्रम शीर्षक बाट रु ५०,०००/- (पचास हजार मात्र) उपलब्ध गराउने गरी सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४ : यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम बजेट शि.नं. १६१ को पर्यटन प्रवर्द्धनका लागि साहसिक खेल साझेदारीमा विनियोजित रु १०,००,०००/- (दश लाख) बाट देहाय बमोजिमको साहसिक खेल सन्चालन गर्न तपसिल बमोजिम बजेट बाँडफाँट गरी रकम उपलब्ध गराउन र सम्झौता गरी कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.स. | साहसिक खेल | सन्चालन हुने स्थान | संघ/संस्था | रकम रु |
|---|---|---|---|---|
| १. | अन्तराष्ट्रिय माउन्टेन बाईक प्रतियोगिता, २०८० | कालिन्चोक कुरी देखि भी.न.पा. २ नागदहसम्म | माउन्टेन बाईक प्रतियोगिता उपभोक्ता समिति | ६,००,०००/- |
| २. | सोक्ला भ्याली रक क्लाम्बिंग प्रतियोगिता, २०८० | भी.न.पा. २ सोक्ला | सोक्लाश्वरी पर्यटन विकास समाज | ३,००,०००/- |

२०८०/०८/११

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको १७ औं बैठकका निर्णयहरु
मिति : २०८०/०८/११ गते

निर्णय नं. ५ : यस नगरपालिका वडा नं. ५ माटीमा वडा कार्यालय भवन निर्माण गर्नका लागि तयार गरिएको नक्सा डिजाईन अनुसारको हुन आउने लागत रु १,५६,००,०००/- (एक करोड छपन्न लाख) को कार्य गर्न आवश्यक बजेट नरहेको र उक्त वडा कार्यालय भवन निर्माण गर्न आवश्यक रहेकोले सो को लागि बहुवर्षीय आयोजनाको रुपमा उक्त वडा कार्यालय भवन निर्माण कार्य गर्ने गरी आगामी नगर सभामा सो को स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : भीमेश्वर नगरपालिका वडा नं. २ मा बस्ने मान कुमारी श्रेष्ठ समेत ३ जनाको संयुक्त नाममा रहेको (साविक दोलखा गा.विस, ४) कि.नं. ७१८ को क्षेत्रफल ००१२५ व.मी. जग्गा भैरव कुमारी भवन निर्माण गर्न २ नं. वडा कार्यालय, दोलखाको नाममा रु ७०,०००/- (सत्तरी हजार) मा खरिद गर्ने र सो कार्यका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त जग्गा रजिष्ट्रेशन पास गर्दा लाग्ने राजस्व छुट गरिदिन मालपोत कार्यालय, दोलखालाई पत्राचार गर्ने र उक्त कार्यका लागि २ नं. वडा कार्यालयका वडा सचिव श्री बिना श्रेष्ठलाई अख्तियारी दिई पठाउने समेत निर्णय गरियो ।

निर्णय नं. ७ : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश अन्तर्गत शिक्षा विकास निर्देशनालयको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस नगरपलिका वडा नं. ४ स्थित श्री सर्व माध्यमिक विद्यालयलाई विद्यालय बस खरिद तथा सन्चालनका लागि यस नगरपालिकावाट गर्नुपर्ने आवश्यक सहयोग सम्वन्धी प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा न. २ मा बस्ने चिनि बहादुर मास्केको छोरा अं बर्ष ४९ को दिपक मास्के निवेदक, दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा न. २ का वडा अध्यक्ष स्टालिन श्रेष्ठ र वडा सचिव विना श्रेष्ठ समेतलाई विपक्षी बनाई दोलखा जिल्ला अदालत मुद्दा न. ०८०-C४-००१३ को किर्ते जालसाजी निवेदनको २१ दिने म्याद सूचना मिति २०८०/०७/१३ गते भीमेश्वर नगरपालिका वडा.न.२ को कार्यलयमा प्राप्त भएको हुँदा सो सम्बन्धमा निवेदनको लिखित जवाफ पेश गर्न, तारेख लिने देखि दोलखा जिल्ला अदालतमा हुने सो मुद्दाको कानुनी निरुपणका सबै प्रक्रिया पुरा गर्नको लागि भीमेश्वर नगरपालिका, २ नं वडा कार्यालयको तर्फबाट भीमेश्वर नगरपालिका वडा.न.२ बस्ने अधिवक्ता श्री राजेन्द्र नारायण श्रेष्ठलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : यस अघि १६ औं नगर कार्यपालिकाको बैठकबाट तपसिल बमोजिमका परियोजनाहरुको भेरियसन गर्ने सम्वन्धमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि यस नगरपालिकाका पूर्वाधार विकास शाखा प्रमुख ई. श्री सुरेश राउतको संयोजकत्वमा ५ सदस्यीय सिफारिस समिति गठन गरिएकोमा सो समितिले उक्त परियोजनाहरुको स्थलगत अध्ययन गरी भेरियसन गर्ने सम्वन्धमा पेश गरेको संलग्न प्रतिवेदन

२०८०/०८/११

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

नगर कार्यपालिकाको १७ औं बैठकका निर्णयहरु
मिति : २०८०/०८/११ गते

स्वीकृत गर्ने र सो प्रतिवेदन अनुसार कार्य प्रक्रिया गर्न/गराउनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम र ठेक्का नं. | सम्झौता रकम रु | भेरियसन रकम रु | भेरियसनपछि कायम हुने रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक शौचालय सहितको सातदोवाटो बहुउद्देश्यीय भवन निर्माण, भी.न.पा. ३ (ठि.नं. BNP/NCB/Works/2074-075/6) | ११,४४,७७,३६८/- | २,२७,२५,४९०/८२ | १३,७२,०२,८५८/८२ | यस अघि भएको निर्णयको अनुमोदन गरिएको |
| २ | भीमेश्वर रङ्गशाला/टुँडिखेल स्तरोन्नति, भी.न.पा ३ (ठि.नं. BNP/NCB/Works/2076-077/E/21) | १२,६५,८२,५२१/०५ | ७७,९१,७५२/८४ | १३,४३,७४,२७३/८९ | |
| ३. | क्भर्ड हल निर्माण, भी.न.पा. ३ (ठि.नं. BNP/NCB/Works/2076-077/E/13) | ६,४५,५३,९४०/७८ | - | ६,४५,५३,१८२/७८ | ठेक्का अंकको सिमाभित्र रही आन्तरिक भेरियसन गर्ने |
| ४. | चरिकोट अस्पताल निर्माण, भी.न.पा. ३ (ठि.नं. BNP/NCB/Works/2077-078/E/27) | ११,५१,२३,७०७/०४ | | ११,५१,२२,९८७/६६ | |
| ५. | थामी संग्रहालय निर्माण, भी.न.पा. १ (ठि.नं. BNP/NCB/Works/2077-078/E/28) | ४,४७,५८,६१७/२१ | - | ४,४७,५८,६१७/२१ | |
| ६. | सातदोवाटो सपिंग कम्प्लेक्स (सिनेमा हल सहित), भी.न.पा. ३ (ठि.नं. BNP/NCB/Works/2078-079/E/10) | १२,१०,७७,८८५/७० | १,८१,४४,३३१/९५ | १३,९२,२७,८८७/९६ | |

निर्णय नं. १० : यस नगरपालिकाको आ.व. २०७९/०८० को महालेखा परिक्षक कार्यालयको प्रतिवेदन प्राप्त भएको जानकारी भयो । उक्त प्रतिवेदन सम्वन्धमा आवश्यक छलफल गरी आवश्यक प्रतिक्रिया पठाउने र सो प्रतिवेदनले औल्याएका विषयहरुमा विशेष ध्यान दिई आगामी दिनमा सुधार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ११ : यस जिल्लाका धेरै नागरिकहरु बैदेशिक रोजगारीमा रहेका र बागमती प्रदेश भित्र रहेका जिल्लाहरुमध्ये दोलखा जिल्ला र रसुवा जिल्लामा सामी परियोजना लागू हुन बाँकी रहेको सन्दर्भमा सामी परियोजना कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२ : यस नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थाहरु थप गर्न विभिन्न वडाबाट माग भई आएको सन्दर्भमा स्वास्थ्य संस्था स्थापना एवम् सन्चालन सम्वन्धी सङ्घीय सरकारको मापदण्ड समेतलाई आधार मानी यस नगर क्षेत्रभित्र विद्यमान रहेका स्वास्थ्य संस्था र विद्यमान जनशक्ति तथा कार्यबोझ समेतको स्थलगत रुपमा अध्ययन गरी १ (एक) महिना भित्र प्रतिवेदन पेश गर्न सामाजिक विकास समितिका संयोजक एवम् वडा नं.२ का वडा अध्यक्ष श्री स्टालिन श्रेष्ठको संयोजकत्वमा उक्त समितिका सदस्यहरु समेत रहने गरी साथै सो समितिमा बरिष्ठ लेखा अधिकृत श्री जगदीश अर्याल र स्वास्थ्य शाखा प्रमुख श्री श्याम बहादुर खड्का आमन्त्रित

२०८०/८/११

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको १७ औं बैठकका निर्णयहरु

मिति : २०८०/०८/११ गते

सदस्यको रुपमा रहने गरी स्वास्थ्य संस्था स्थापना गर्ने सम्वन्धमा प्रतिवेदन पेश गर्नका लागि समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम (सशर्त) स्यानिटरी प्याड खरिद शिर्षकमा विनियोजित रकम रु १६,१६०००/- (सोह्र लाख सोह्र हजार) रहेको र उक्त रकमबाट स्यानिटरी प्याड र सो सम्वन्धित भेन्डर मेशिन नियमानुसार खरिद गरी यस नगरपालिका अन्तर्गतका विद्यालयहरुलाई उपलव्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १४ : भीमेश्वर नगरपालिका क्षेत्रमा निर्माण गरिएका सडकहरुको लगत कट्टा गरी कित्तागत भू-उपयोग योजना तयार गर्न तथा कित्तामा आधारित जग्गाको डिजिटल मुल्यांकन तथा अनलाईन सम्पत्ति कर व्यवस्थापनको कार्य सन्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै सो सम्वन्धी कार्य/प्रक्रिया अगाडि बढाउनका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री नविन कुमार लामा, वडा अध्यक्ष, वडा नं. ६ |
| सदस्य | श्री तारानाथ चौलागाईं, वडा अध्यक्ष, वडा नं. ४ |
| सदस्य | श्री स्टालिन श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. २ |
| सदस्य | श्री हरिशरण शिवाकोटी, वडा अध्यक्ष, वडा नं. ३ |
| सदस्य | श्री जगदीश अर्याल, बरिष्ठ लेखा अधिकृत |
| सदस्य | श्री नारायण प्रसाद शिवाकोटी, ईन्जिनियर |
| सदस्य | श्री रामजी थापा, ईन्जिनियंर |
| सदस्य | श्री किरण दहाल. सूचना प्रविधि अधिकृत |
| सदस्य | श्री सुजाता खतिवडा, अमिन |
| सदस्य सचिव | श्री सुरेश राउत, ईन्जिनियर |

निर्णय नं. १५ : यस नगरपालिका क्षेत्रको कित्तामा आधारित जग्गाको डिजिटल मुल्यांकन तथा अनलाईन सम्पत्ति कर व्यवस्थापनको कार्य सन्चालन गर्न तथा पुनः नापी गर्न प्राविधिक तथा आर्थिक सहयोगका लागि भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र नापी विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ : भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालय समेतको जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाउन संस्थागत विकास तथा सुशासन समितिका संयोजक र सदस्यहरुका अलावा थप आर्थिक प्रशासन शाखा प्रमुख, पूर्वाधार विकास शाखा प्रमुख र जिन्सी शाखा प्रमुख आमन्त्रित सदस्यको रुपमा रहने गरी उक्त कार्य सम्पन्न गर्नका लागि उक्त समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १७ : राष्ट्रिय भूमि आयोग जिल्ला समिति, दोलखाको च.नं. १९१, मिति २०८०/०८/१० को पत्रानुसार भूमिहीन/दलित/सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

को दफा १३ अनुसार योग्य हुने जग्गा (क) ऐलानी (ख) पर्ती, नदी उकास लगायतका र (ग) साविकको वन क्षेत्र भएता पनि आवदीमा परिणत भएका जग्गा पहिचान गरी सिफारिस गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १८ : यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिलका आयोजनाहरु (क)(ख) मा विनियोजित बजेट रकमलाई भीमेश्वर नगरपालिकाका देहायका वडाहरुमा आयोजना सन्चालन गर्न तपसिल अनुसार रकम बाँडफाँट गर्ने निर्णय गरियो ।

क) बजेट शि.नं. ११७ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित आयोजना रु ४१,८०,०००/- को बाँडफाँट :-

| वडा नं. | आयोजनाको नाम | बाँडफाँट रकम रु | आवश्यक श्रमिक संख्या | कैफियत |
|---|---|---|---|---|
| २ | राम्पा संसारीमाई सडक सोलिङ् | ५,००,०००/- | ७ जना | |
| ३ | गैराघर राउतगाउँ पैदल मार्ग | २,९८,५००/- | ४ जना | |
| ३ | रिजालगाउँ जैसीगाउँ पैदल मार्ग | २,९८,५००/- | ४ जना | |
| ४ | कार्कीगाउँ -पिप्ले खेत चेतनशील गोरेटो बाटो | ५,००,०००/- | ७ जना | |
| ५ | अनाथालय - गाईघाट सडक | ५,००,०००/- | ७ जना | |
| ६ | सरस्वती मार्ग तथा सेतो पहिरो सडक | ५,००,०००/- | ७ जना | |
| ७ | सिंगराम- पात्ले घडेरी सडक स्तरोन्नति | ५,००,०००/- | ७ जना | |
| ८ | दोभान खोला हुँदै पाङग्रेचौर सम्म सिढीं निर्माण | १०,८३,०००/- | १५ जना | |
| | कुल जम्मा रु :- | ४१,८०,०००/- | ५७ जना | |

ख) बजेट शि.नं. ११६ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना रु ३०,०३,०००/- को बाँडफाँट :-

| वडा नं. | आयोजनाको नाम | बाँडफाँट रकम रु | आवश्यक श्रमिक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कुथली भुमेथान सिंचाइ हुँदै दुङ्गे सिडी निर्माण | १५,०१,५००/- | २० जना | |
| ९ | सुर्के- चिसोपानी-फुलवारीघुम्ती सिढी गोरेटो बाटो निर्माण , | १५,०१,५००/- | २० जना | |
| | कुल जम्मा रु :- | ३०,०३,०००/- | ४० जना | |

निर्णय नं.१९ : भीमेश्वर नगरपालिका वडा नं. ६ मा निर्माणाधीन सरसफाई केन्द्रको चालु आ.व. २०८०/०८१ मा भएको ठेक्का प्रक्रियाबाट बचत हुन आएको रकमबाट गुरु योजना (Master Plan) तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न रु २,००,०००/- (दुई लाख), प्रारम्भिक वातावरणीय

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

परीक्षण (IEE) तयार गर्नको लागि रु ५,००,०००/- (पाच लाख) र बाँकी बजेट रकमबाट सरसफाई केन्द्र क्षेत्रको उपभोक्ता समिति मार्फत आवश्यक पूर्वाधार निर्माण कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २० : यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रममा रहेको देहायका आयोजनाहरु संशोधनका लागि वडा समितिको बैठकबाट निर्णय गरी सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी तपसिल बमोजिम शिर्षकान्तर/रकमान्तर गर्ने निर्णय गरियो ।

नगरस्तरीय :

| क.स. | बजेट शि.नं. | साविक आयोजनाको नाम | रकम रु. | संशोधित आयोजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | १०३ | तथ्यांक संकलन र विश्लेषण तथा प्रकाशन | १,००,०००/- | क) लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत बक्तित्व कला प्रतियोगिता<br>ख) राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता | ३५,०००/-<br>६५०००/- |
| २. | १०७ | मा.वि. स्तरीय हाजिरी जवाफ प्रतियोगिता | ५०,०००/- | मा.वि.स्तरीय विज्ञान प्रदर्शनी कार्यक्रम | ५०,०००/- |

वडा नं. १ :

| क.स. | बजेट शि.नं. | साविक आयोजनाको नाम | रकम रु. | संशोधित आयोजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | २०२ | दलित आयआर्जन कार्यक्रम | ३,००,०००/- | शिव मन्दिर पाटी निर्माण | ३,००,०००/- |

वडा नं. ५ :

| क.स. | बजेट शि.नं. | साविक आयोजनाको नाम | रकम रु. | संशोधित आयोजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३८३ | नमूना कृषि विकास कार्यक्रम | ६,००,०००/- | हाम्रो वडा राम्रो वडा टोल टोलमा बत्ती कार्यक्रम | ६,००,०००/- |

२०८०/०८/११
दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको १७ औं बैठकका निर्णयहरु

मिति : २०८०/०८/११ गते

वडा नं. ६ :

| क.स. | बजेट शि.नं. | साविक आयोजनाको नाम | रकम रु. | संशोधित आयोजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३९६ | बयस्क रुख कटान कार्यक्रम | १,५०,०००/- | फलामे टनेल निर्माण कार्यक्रम | १,५०,०००/- |
| २. | ४०४ | वडास्तरीय सडक मर्मत तथा डस बिछ्याउने कार्य | ५,००,०००/- | जनजाति सौँस्कृतिक संग्रहालय | ५,००,०००/- |

वडा नं. ८ :

| क.स. | बजेट शि.नं. | साविक आयोजनाको नाम | रकम रु. | संशोधित आयोजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४५१ | बिद्यार्थी सिकाई उपलव्धी कार्यक्रम, लामीडाँडा आ.वि., पृथ्वीनारायण निमावि | ६,००,०००/- | क) ठुलोनागी खानेपानी तथा सिंचाई आयोजना<br>ख) ढाँडे -उर्लेनी सडक स्तरोन्नति | ३,००,०००/-<br>३,००,०००/- |
| २ | ४५२ | वडा कार्यालय व्यवस्थापन | ३,००,०००/- | सडक बत्ती जडान | ३,००,०००/- |
| ३ | ४४० | विपद् व्यवस्थापन/स्वास्थ्य/ पशु औषधी खरिद कार्यक्रम | ४,५०,०००/- | जिल्लान्तर सिकाई आदान प्रदान वडा स्वास्थ्य स्वयंसेविका | १,००,०००/- |
| ४ | ४३४ | महिला पन्चेबाजा बजाउने तालिम/बाजा खरिद | ३,००,०००/- | गोठ सुधार कार्यक्रम | ३,००,०००/- |
| ५ | ४३८ | युवा तथा खेलकुद कार्यक्रम सन्चालन | २,००,०००/- | गोठ सुधार कार्यक्रम | २,००,०००/- |
| ६ | ४३५ | दलित, जेष्ठ नागरिक, ग र घ वर्गका अपांगता भएको व्यक्ति र विपन्न, जनजाति कार्यक्रम | ४,७५,०००/- | गोठ सुधार कार्यक्रम | ३,५०,०००/- |

वडा नं. ९ :

| क.स. | बजेट शि.नं. | साविक आयोजनाको नाम | रकम रु. | संशोधित आयोजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४७२ | दारेगौडा खेल मैदान स्तरोन्नति | ५,००,०००/- | क) गोरेटो बाटो निर्माण तथा झो.पु. मर्मत<br>ख) प्रदेशस्तरीय फुटबल प्रतियोगितामा प्रथम स्थान | ४,००,०००/-<br>१,००,०००/- |

२०८०।८।११

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगर कार्यपालिका बागमती प्रदेश २०७३

नगर कार्यपालिकाको १७ औं बैठकका निर्णयहरु
मिति : २०८०/०८/११ गते

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | हासिल गर्ने क्लवलाई नगद प्रोत्साहन | |
| २ | ४७५ | मसानेपाटी निर्माण | २,००,०००/- | सेलेघाट सडक निर्माण तथा पाटीस्थल निर्माण | २,००,०००/- |

निर्णय नं. २१ : भीमेश्वर नगरपालिका, नगरकार्यपालिका, वडा कार्यालय र यहाँका कर्मचारीको तर्फबाट विभिन्न अदालत वा न्यायिक निकायमा कार्यालयको तर्फबाट फिराद पत्र, प्रतिउत्तर, बहस लगायत विभिन्न अदालतमा न्यायीक कार्यहरु गर्न/गराउनका लागि देहाय अनुसार पारिश्रमिक निर्धारण गर्ने र देहायका सेवाहरु प्राप्त गरे वापत निम्नानुसार पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | मुद्दाको कार्यगत विवरण | हाल कायम रहेको दर प्रति पटक/प्रति मुद्दा दर रु | प्रस्तावित दर | | |
|---|---|---|---|---|---|
| | | | जिल्ला तह | उच्च अदालत तह | सर्वोच्च तह |
| १. | फिराद, प्रतिउत्तर, लिखित जवाफ, बहसनोट लेखन कार्यका लागि | १७६४८/- | १७६४८/- | २३६००/- | २९५००/- |
| २. | जुनसुकै बहस पैरवी तथा साक्षी बकपत्र | १७६४८/- | १७६४८/- | २३६००/- | २९५००/- |
| ३. | जुनसुकै निवेदन दर्ता | १५००/- | १५००/- | २०००/- | २५००/- |
| ४. | अदालतबाट सार्नुपर्ने कागजात | १५००/- | १५००/- | २०००/- | २५००/- |
| ५. | फिरादं, प्रतिउत्तर, लिखित जवाफ, बहसनोट, जुनसुकै निवेदन र सम्वन्धित अदालतबाट सार्नुपर्ने नक्कल सार्दा लाग्ने सरकारी दस्तुर विल अनुसार | विल अनुसार | विल अनुसार | विल अनुसार | विल अनुसार |
| ६. | पेशी तारिख भई सम्वन्धित अदालतले पक्ष वा विपक्षले हटाए वा कुनै कारण बस हटेको अवस्थामा | ५०००/- | ५०००/- | ६०००/- | ७०००/- |
| ७. | अदालतमा वारेश लिए वापत पारिश्रमिक | | १०००/- | १५००/- | २०००/- |

२०८०।०८।११

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको १७ औं बैठकका निर्णयहरु

मिति : २०८०/०८/११ गते

निर्णय नं. २२ : यस नगरपालिका अन्तर्गत विभिन्न वडामा रहेका सहकारी/महिला/आमा समुहहरुले तीज विशेष कार्यक्रम, २०८० संचालन गरे वापत देहायका सहकारी/महिला/आमा समुहहरुलाई उक्त कार्यक्रम सन्चालन गर्दा नपुग भएको तपसिल बमोजिमका रकम बजेट शि.नं. १६९ को सामाजिक तथा आर्थिक विकास कार्यक्रमबाट उपलब्ध गराउने निर्णय गरियो ।

| वडा नं. | सहकारी/संस्थाको नाम | प्रदान गरिने रकम | कैफियत |
|---|---|---|---|
| २ | मन्नेश्वरी साना किसान कृषि सहकारी संस्था, भी.न.पा.२ | १८,०००/- | |
| ५ | दलित महिला क्षमता विकास समुह, भी.न.पा.५ | ४४,०००/- | |
| ७ | समाजसेवा साना किसान कृषि सहकारी संस्था, भी.न.पा.७ | ५०,०००/- | |
| जम्मा | | १,१२,०००/- | |

निर्णय नं. २३ विविध विषयहरु :-

क) अन्तराष्ट्रिय अपाङ्ग दिवस, २०८० को अवसरमा अपाङ्गतासंग सम्वन्धित कार्यक्रम संचालन गर्न अपांग तथा दृष्टिविहिन समुदाय सेवा संघ, दोलखालाई बजेट शि.नं. १३० को विभिन्न दिवस अभियान समारोह सन्चालन कार्यक्रमबाट रु ३०,०००/- (तीस हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

ख) यस नगरपालिकाको प्रशासकीय भवनको प्रांगणमा अपाङ्गमैत्री शौचालय निर्माण एवम् सन्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ग) सडक बोर्ड, नेपालबाट यस नगरपालिकालाई चालु आ.व. २०८०/०८१ मा प्राप्त अनुदान रकम रु ८४,००,०००/- (चौरासी लाख) र यस नगरपालिकाबाट व्यहोर्नु पर्ने ३० प्रतिशत बराबरको रु ३६,००,०००/- (छत्तिस लाख) गरी हुन आउने जम्मा रकम रु १,२०,००,०००/- (एक करोड बीस लाख) बाट यस नगरपालिकाको वडा नं. ६ र ७ स्थित पाटीखोला - उखुबारी सडक मर्मत तथा सम्भार गर्ने निर्णय गरियो ।

घ) भीमेश्वर नगरपालिका वडा नं. ६, ७, ८ स्थित घ्यावापानी - सेरा सडकमा चालु आ.व. २०८०/०८१ को लागि विनियोजित बजेट रकममा ठेक्का प्रक्रियामा जाँदा बचत हुन आएको रकमबाट सोही सडक स्तरोन्नतिका लागि खर्च गर्ने गरी बोलपत्र आव्हान सम्वन्धी प्रक्रिया अगाडि बढाउनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ङ) दोलखा जिल्लाको विविध विषय समेटेर दोलखाको साँस्कृतिक, धार्मिक तथा पुरात्वतिक महत्व दर्शाउने गरी प्रोफेसर श्री अमन श्रेष्ठद्वारा लिखित पुस्तक 'दोलखा परिचय' नामक पुस्तक नगरवासीका लागि पनि

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

उपयोगी रहेको हुँदा उक्त पुस्तक थान ५० (पचास) प्रति पुस्तक मुल्य रु ९९५/- का दरले हुन आउने जम्मा रकम रु ४९,७५०/- (उनन्चास हजार सात सय पचास) बजेट शि.नं. २९ को पुस्तक तथा सामाग्रीबाट खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

च) बडा दशैं, २०८० को पावन अवसरमा यस नगरपालिका वडा नं. ३ स्थित सातदोवाटोमा संचालित देवी भागवत महापुराण (दुर्गा पुजा) का लागि बजेट शि.नं ५८ को अन्य संस्था सहायताबाट रु १,००,०००/- (एक लाख) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

छ) दिपावली, २०८० को पावन अवसरमा डान्स क्रु संस्था, दोलखाको आयोजनामा यस नगरपालिका वडा नं. ३ स्थित सातदोवाटोमा संचालित साँस्कृतिक साँझ कार्यक्रमका लागि बजेट शि.नं. १६९ को सामाजिक तथा आर्थिक विकास कार्यक्रमबाट रु ५०,०००/- (पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

ज) भीमेश्वर नगरपालिका वडा नं, ९ मा सन्चालित वडा अध्यक्ष कप फुटबल प्रतियोगिता, २०८० को लागि बजेट शि.नं. १६९ को सामाजिक तथा आर्थिक विकास कार्यक्रमबाट रु १,५०,०००/- (एक लाख पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

झ) सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत बजेट शि.नं. ११९ को चरिकोट सातदोबाटो प्रतिक्षालय निर्माण सम्वन्धमा भीमेश्वर नगरपालिका वडा नं. ३ मा रहेको सार्वजनिक शौचालय सहितको सातदोवाटो बहुउद्देश्यीय भवन र सातदोवाटो सपिंग कम्प्लेक्स (सिनेमा हल सहित) को बीचमा रहेको खाली जग्गामा सार्वजनिक शौचालय सहितको जेष्ठ नागरिक प्रतिक्षालय निर्माण गर्ने र उक्त जग्गाको विद्यमान अवस्थाको कारण सो प्रतिक्षालय स्टिल स्ट्रक्चरको निर्माण गर्नुपर्ने भएकोले आयोजनाको कन्टेन्जेन्सीबाट व्ययभार व्यहोर्ने गरी सम्वन्धित विशेषज्ञबाट परामर्श सेवा खरिद गरी उक्त निर्माण कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ञ) भीमेश्वर नगरपालिका वडा नं. ६ स्थित सरसफाई केन्द्रमा जडित मेशिन-उपकरणहरुलाई व्यवस्थित रुपमा राख्न फलामको स्टयान्ड जडान लगायतको कार्य गरे वापत बिल भरपाईको आधारमा रु ९३,०००/- (तिरानव्वे हजार) बजेट शि.नं. १२० को सरसफाई व्यवस्थापन तथा ज्ञान केन्द्र पूर्वाधार निर्माण (सङ्घीय सरकार विशेष अनुदान पुँजीगत) बाट उपलव्ध गराउने निर्णय गरियो ।

ञ) यस नगरपालिकाको पशु शाखामा कार्यरत ना.प.से.प्रा. (सहायक पाचौ) श्री भीम बहादुर जिरेलले नेपाल सरकार, पशु सेवा विभाग र विश्व विद्यालय बीच भएको MOU बमोजिम BSC/Hort एवम् B.V.SC & AH कार्यक्रममा पशु सेवा बिभागलाई प्राप्त हुने सःशुल्क अध्ययन (छात्रवृत्ति) कार्यक्रममा सहभागि हुन कार्यालयले प्रदान गरेको पूर्व स्वीकृतिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२०८०।०७।११

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको १७ औं बैठकका निर्णयहरु

मिति : २०८०/०८/११ गते

ट) यस कार्यालय अन्तर्गतका अधिकृत छैठौं श्री लक्ष्मी कार्कीले सामाजिक सन्जाल मार्फत यस नगरपालिकाका जनप्रतिनिधि, कर्मचारीलाई लक्षित गरी अनावश्यक विभिन्न टिकाटिप्पणी गरेको भन्ने जानकारी हुन आएकोले सो सम्वन्धमा निजसँग लिखित स्पष्टीकरण माग गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ठ) यस नगरपालिका वा अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा/सेवा सुविधा (अवकाश पश्चात) उपलव्ध गराउने सम्वन्धमा आवश्यक ऐन/कार्यविधिको मस्यौदा तर्जुमा गरी पेश गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री माधव थामी, संयोजक, संस्थागत क्षमता विकास तथा सुशासन समिति |
| सदस्य | श्री जगदीश अर्याल, बरिष्ठ लेखा अधिकृत |
| सदस्य | श्री नारायण प्रसाद सेढाई, बरिष्ठ शाखा अधिकृत |
| सदस्य सचिव | श्री माधव प्रसाद सुवेदी, शाखा अधिकृत |

ड) यस नगरपालिका वडा नं. २ मा दोलखा साँस्कृतिक तथा कला भवन (फल्चा) निर्माण गर्न वडा नं. २ का जनस्तरबाट हस्ताक्षर सहित सिफारिस माग गरेकाले उक्त कार्यका लागि आवश्यक सहयोग गरिदिन ललितपुर महानगरपालिकालाई सिफारिससाथ अनुरोध गर्ने निर्णय गरियो ।

ढ) ६० वर्ष उमेर हदका कारण सेवाबाट बाहिरिनु हुने यस नगरपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई उहाँहरुले सार्वजनिक सेवामा पुऱ्याउनु भएको योगदानको कदर गर्दै सो वापत यस आ.व.मा १० (दश) जना स्वयम् सेविकाहरुलाई बजेट शि.नं. ८५ को महिला स्वास्थ्य स्वयंसेविक एवं स्वास्थ्यकर्मीलाई प्रोत्साहन कार्यक्रमबाट जनही रु २०,०००/- (बीस हजार) का दरले नगद प्रोत्साहन स्वरूप उपलव्ध गराउने निर्णय गरियो ।

ण) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत करार सेवामा कार्यरत प्राविधिक सहायकले राजीनामा दिएका कारण उक्त पद हाल रिक्त भएको र आगामी असार मसान्तसम्म पारिश्रमिक सुनिश्चित भएका कारण उक्त अवधिसम्म सो प्राविधिक सहायक -१ (एक) करार सेवामा पदपूर्ति गर्न प्रक्रिया अगाडि बढाउनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

त) भीमेश्वर नगरपालिका वडा नं, ३ स्थित लामाचौरमा प्रस्तावित बसपार्क निर्माण आयोजनाको कन्टिनजेन्सीबाट सो को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्य गर्न/गराउनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

थ) भीमेश्वर नगरपालिकाद्वारा राजपत्रमा यसअघि प्रकाशन गर्न छुटेका ऐन-कानूनहरु राजपत्रको अतिरिक्ताङ्कमा उक्त ऐन-कानून प्रकाशन गर्न कार्यालयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

दीपक प्रसाद खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको १७ औं बैठकका निर्णयहरु

मिति : २०८०/०८/११ गते

द) भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित सातदोबाटो सपिंग कम्प्लेक्स (सिनेमा हल सहितको) भवनमा विद्युत जडानको लागि यस कार्यालयको नाममा ट्रान्समिटर खरिद गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ध) भीमेश्वर नगरपालिकाका सबै ९ वटै वडाहरुमा बडादशैं, तिहार र छठ पर्वलाई लक्षित गरी सम्वन्धित वडाहरुले नै वर्षादको पानीबाट बिग्रिएका/अवरुद्ध भएका सडकहरु मर्मत गरी यातायात सुचारू गर्नका लागि सम्वन्धित वडा कार्यालयको सिफारिस तथा प्राविधिक मूल्यांकनको आधारमा बजेट शि.नं. १५७ को मर्मत सम्भार कोषबाट देहाय अनुसार भुक्तानी दिने निर्णय गरियो ।

| वडा नं. | रकम रु | कैफियत |
|---|---|---|
| १ | ५०,०००/- | |
| २ | १०,०००/- | |
| ३ | ४०,०००/- | |
| ४ | ५०,०००/- | |
| ५ | ७०,०००/- | |
| ६ | १,२०,०००/- | |
| ७ | ९०,०००/- | |
| ८ | ५०,०००/- | |
| ९ | ६०,०००/- | |
| जम्मा | ५,४०,०००/- | |

न) आ.व २०८०/०८१ का लागि सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत नवीकरणीय उर्जा प्रविधि जडान (बायोग्यास, विद्युतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) शीर्षकमा विनियोजन भएको रु ८,००,०००/- (आठ लाख) बाट तपसिल बमोजिमको आयोजना तथा कार्यक्रम सन्चालन गर्ने निर्णय गरियो ।

अ) विगतमा भीमेश्वर नगरपालिकाभित्र विभिन्न ठाउँमा जडान भई बिग्रिएका सोलार बत्तीको मर्मत गर्ने ।

आ) भीमेश्वर नगरपालिका वडा नं. ६ मा रहेको सरसफाई केन्द्र प्रभावित रामकोट क्षेत्र तथा बस्तीमा सोलारबत्ती जडान गर्ने ।

२०८०/०८/११

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत